
सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१
कार्तिक, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको सातौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', जिल्लाहरूमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू ऋयmmगलष्तथ Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## हल्ला



**सुनकोशी, सिन्धुपाल्चोक**

"भूकम्पपीडितहरूले बनाउँदै गरेको घर धितो राखेर ३ लाख रुपैयाँसम्म बिना धितो निर्ब्याजी ऋण पाइन्छ भन्ने हल्ला छ, के यो साँचो हो ?"

**पाँचखाल, काभ्रेपलाञ्चोक**

"घर धितो राखेर ऋण लिएपछि लाभग्राहीले त्यसको ब्याज तिर्नु पर्छ कि पर्दैन ?"

## यथार्थ

यस भन्दा अगाडिको भूकम्प पीडितहरूको घर र्निाणका लागि सामुहिक जमानीमा ऋण उपलब्ध गराउने कार्यविधि २०७४ लाई संशोधन गरी हाल लाभग्राहीले बनाउँदै गरेको घर नै धितो राखेर तिन लाख रुपैयाँसम्म निर्ब्याजी ऋण पाउने गरी नेपाल सरकारले नयाँ कार्यविधि लागू गरेको थियो।

सुरुमा सामूहिक जमानीमा तीन लाख रुपैयाँसम्म ऋण दिने ब्यवस्था भए पनि सो व्यवस्था झन्झटिलो भएपछि सरकारले त्यसलाई परिमार्जन गरी भूकम्प पीडित लाभग्राहीले बनाउँदै गरेको घर नै धितो राखेर ऋण पाउने ब्यवस्था गरेको हो।

नयाँ कार्यविधिमा वैक तथा वितीय संस्थाहरूले भूकम्प पीडितहरूबाट कुनै पनि थप शुल्क तथा
ब्याज लिन पाउने छैनन् र ऋण दिए बापत वैक तथा वित्तीय संस्थाहरूलाई सरकारले ऋणबापतको ब्याज भुक्तानि गर्ने भन्ने उल्लेख छ।

सरकारले, भूकम्प पीडित लाभग्राहीले बनाउँदै गरेको घर धितो राखेर तिन लाख रुपैयाँसम्म निर्ब्याजी ऋण पाउने ब्यवस्था गरेपनि तोकिएका बैक तथा वितिय संस्थाहरूले कार्यविधिमा विभिन्न कमजोरी भएको भन्दै तत्काले ऋण दिन आनाकानी गरीरहेका छन्।

सरकारले जे निर्णय गरे पनि सरकारी पक्ष र बैक तथा वितिय संस्थाहरूको असमझदारीका कारण हाल सम्म यो कार्यविधि कायान्वयनमा आउन सकेको छैन।


**डा. भिष्मकुमार भुसाल**
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
००९७७-९८५११२७७५७

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**
००९७७-१-४२११४८४

# सवाल

## ज्वालामुखी, धादिङ

"वैदेशिक रोजगारीकै शिलशिलामा कुनै कामदार बिरामी पऱ्यो र उसलाई नेपाल फिकाउनु पऱ्यो भने, स्वदेश फर्काउने प्रकृयामा उक्त कामदारलाई विदेश पठाउने म्यानपावर कम्पनी र नेपाल सरकार वैदेशिक रोजगार विभागको के भुमिका रहन्छ ?"



## चौतारा, सिन्धुपाल्चोक

"वैदेशिक रोजगारीमा गएका कामदार, कामकै शिलशिलामा बिरामी परेर काम गर्न नसक्ने अवस्थामा पुग्दापनि कम्पनिले स्वदेश फर्कन दिंदैन। यो अवस्थामा कामदार घर फर्कन चाहेमा उसलाई शकुसल स्वदेश फर्काउन के गर्नु पर्ला ?"

# जवाफ

कुनै पनि व्यक्ति वैदेशिक रोजगारकै शिलशिलामा बिरामी पऱ्यो भने उसको सम्पुर्ण उपचार खर्च कम्पनिले बेहोर्नुपर्ने हुन्छ। यदि कम्पनिले उपचार गरिदिएन र घर फर्कन पनि दिएन भने पीडितका परिवार तथा आफन्तले पीडितलाई वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनी समक्ष गएर सम्पूर्ण जानकारी गराउनु पर्दछ।

सम्बन्धित म्यानपावर कम्पनीले विदेश स्थीत कामदार कार्यरत कम्पनीसंग समन्वय गरेर बिरामीको उपचार गर्ने ब्यवस्था मिलाउनु पर्दछ साथसाथै कामदारलाई स्वदेश फिर्ता गर्ने प्रक्रियामा पनि सहयोग गर्नु पर्दछ।

यदि म्यानपावर कम्पनीले सहयोग गरेन भने, पीडितका आफन्तले सम्बन्धित म्यानपावर कम्पनी विरुद्ध वैदेशिक रोजगार विभागमा गएर उजुरी दिन सक्छन्। उजुरी दर्ता भए पछि विभागले म्यानपावर कम्पनीको नाममा मिति किटान गरेर विभागमा उपस्थितिका लागि पत्र काट्छ। त्यस पछि विभागले पिडीतलाई कानुन बमोजीम सम्पुर्ण क्षतिपुर्ति भर्नु भनेर म्यानपावर कम्पनीलाई निर्देशन दिन्छ।

पीडित कामदारलाई स्वदेश फिर्ता ल्याउने प्रक्रिया मिलाउन वैदेशिक रोजगार विभागले परराष्ट्रको कन्सुलर विभागमा सो सम्बन्धि जानकारी गराउँछ त्यस पछि, कन्सुलर विभागले बिरामीलाई स्वदेश फिर्ता ल्याउने प्रक्रिया सुरु गर्दछ।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
००९७७-१-४७८२४५४

# सवाल

### विदुर, नुवाकोट

"नेपाल सरकारले महिलालाई वैदेशिक रोजगारमा घरायसी कामदारकोरुपमा जान रोक लगाएको थियो । के अहिले फेरी खुला गरेको हो ?"



### पाँचखाल, काभ्रेपलाञ्चोक

"वैदेशिक रोजगारीमा महिलाहरू जान पाउदैनन् भन्ने सुनेको थिएँ तर, थुप्रै महिलाहरू वैदेशिक रोजगारीमा गएको देखिन्छ । वास्तविक कुरा के हो ?"

# जवाफ

वैदेशिक रोजगार विभागले घरेलु कामदारको रुपमा खाडी मुलुक जाने महिलाहरूलाई श्रम स्वीकृति दिने सम्बन्धमा २०७३/१२/२२ गते देखि अर्को व्यवस्था नभए सम्मका लागि रोक लगाउने भनेर सूचना नै जारी गरेको थियो ।

घरेलु कामदारको रुपमा खाडिमुलुकमा जाने नेपाली महिला बेचबिखनमा परेको र बन्धक बनाएर दुःख दिएका थुप्रै घटनाहरू बाहिर आए पछि नेपाल सरकारले महिलाहरूलाई घरेलु कामदारको रुपमा खाडि मुलुक जान रोक लगाएको हो ।

नेपाल सरकारले महिलाहरूलाई घरेलु कामदारका रुपमा खाडि मुलुक जान रोक लगाएपनि अन्य कामहरु जस्तैः होटल, क्लीनर, विभिन्न कम्पनीमा सामान प्याकिङ गर्ने, सुरक्षा गार्ड लगाएतका कामहरुमा जान भने रोक लगाएको छैन ।

तर, केहि साता अगाडि नेपाल र जोर्डनबिच भएको श्रम सम्झौतापछि त्यहाँ भने नेपाली महिलाहरू घरेलु कामदारको रुपमा जान पाउने भएका छन् । जोर्डनसंग गरिएको सम्झौतामा महिला कामदारको कार्यस्थल सुरक्षा, बीमा र रोजगार अधिकार साथै घरेलु कामदारको मासिक तलब समेत तोकिएको छ ।

जोर्डन बाहेक अन्य देशमा भने महिलालाई घरेलु कामदारका रुपमा जान रोक लगाइएको छ ।

**शिवराम पोख्रेल**
उपसचिव
नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय
काठमाण्डौ
००९७७-९८४१५५२३३५

# मेरो कथा – अनुभुती र भोगाई





## गोकुल बिष्ट

### सारदा बतासे, काभ्रेपलाञ्चोक

काभ्रे सारदा बतासेका गोकुल बिष्टलाई साउदि अरबमा काम गर्दागर्दै पक्षघात भयो । उनि बोल्न सम्म नसक्ने भए । काम गर्दै गरेको कम्पनीले सामान्य उपचार गरेर नेपाल फर्काईदियो । यहाँ उनले उपचार खर्च जुटाउन जग्गा बेच्नु पऱ्यो । जब कि उनकी श्रीमति पनि क्यान्सरसंग संघर्ष गर्दै थिईन । श्रीमतिको उपचारको लागि पनि उनले नै खर्च जुटाउने पर्ने हुन्थ्यो ।

प्रयाप्त जानकारीको कमिका कारण उनले सरकार बाट पाउनु पर्ने सहयोग पनि लिन सकेका थिएनन् । वैदेशिक रोजगारीमा जाँदा गरेको बिमा रकम पनि दावि गर्न सकेका थिएनन् । आफ्नो कार्यक्षेत्र सारदा बतासेमा काम गर्ने क्रममा सिटिजन हेल्पडेस्कका सिएफए सबिता न्यौपानेको भेट  संयोगले एक दिन गोकुल विष्टसंग भयो । ईसारा गरेर गोकुल धेरै कुरा सवितालाई भन्न चाहन्थे तर, उनको शारीरिक अवस्थाका कारण केहि भन्न सकेनन् । गोकुलकि आमा मार्फत सबिताले सबै जानकारी लिईन् । अनि पीडितसंग भएका कागजातहरू लिएर उनले वैदेशिक रोजगारीमा गएका व्यक्ति र  परिवारका सदस्यहरूको अधिकारको पक्षमा काम गर्ने संस्थाहरूसंग बुझिन् । उनले बिमा रकम दावि गर्न पाउने देखियो तर, म्याद गुज्रिसकेका कारण वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड बाट पाउनु पर्ने रकम भने दावि गर्न सकिएन । सविताले आफैले आवश्यक कागजात जुटाउन देखि सम्बन्धित कार्यालय धाउने सम्मको सहयोग गरीन । बिमा दावि गर्ने क्रममा आधिकारीकता प्रमाणित गर्न सुरुमा गाह्रो भयो र केहि समय लाग्यो । अथक प्रयास पश्चात अन्त्यमा नेपाल लाईफ ईन्स्योरेन्स कम्पनीले गोकुल बिष्टको परीवारलाई बिमा दावि बापत छ लाख रुपैयाँ प्रदान गऱ्यो ।

सुरुमा सविताले गोकुलको परिवारसंग बिमा रकम पाईने बारे कुरा गर्दा उनिहरुले विश्वास गरेनन् । छिमेकीले पीडित परिवारलाई हुँदै नभएको कुरामा विश्वास नगर्न पनि सुझाए । सम्बन्धित ठाउँमा कागजात पेश गरिसके पछि पनि विश्वास नलागेर दावि गरेको रकम कहिले आउँछ भनेर साँझ बिहान फोन गरिरहे । अन्त्यमा, प्रकृया थालेको ४ महिना पछि २०७४ कार्तिक ८ गते  नेपाल लाइफ इन्सुरेन्सको बनेपा शाखाका केही कर्मचारी घरमै आएर पाँच जना साक्षि राखी सर्जिमीन गरी पीडितको हातमा ६ लाखको चेक दिए ।

पीडित परिवारले आफ्नै अधिकारले पाउनु पर्ने रकम पाउँछु भनेर पनि कहिले सोचेको थिएन् । यस्ता थुप्रै नेपाली कामदार वैदेशिक रोजगरीमा छन् । हरेकले म्यादि जिवन बिमा गरेका छन् । उनिहरु मध्य धेरैलाई लाग्छ, यो सब वैदेशिक रोजगारीमा जाँदा पुरा गर्नु पर्ने प्रकृयका मात्र हो । उपयुक्त सूचनाको अभावका कारण थुप्रै नेपाली कामदार आफुले पाउनु पर्ने सेवा सुविधा पाउनबाट बन्चित छन् ।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- नेपाल र जोर्डनबिच श्रम सम्झौता (Link)
- वैदेशिक रोजगारीमा जान चाहने १० हजार युवालाई तालिम दिइने (Link)
- वैदेशिक रोजगारीमा गएका कामदारका छोराछोरीलाई दिने छात्रवृत्ति (Link)
- विदेश जाँदै हुनुहुन्छ ? यी कुरा थाहा पाउनै पर्छ (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरिरहेका ऋँब हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरू र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७४ भाद्र १६ गतेदेखि २०७४ कार्तिक १४ गतेसम्म ४ जिल्लाका करिव ८०३ जना स्थानीयवासीसंग कुराकानी गरी तयार पारिएका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।**